# राम्री बनेकी सानी



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

सानीलाई नुहाइदिनुभयो ।



बिक्रीका लागि होइन

# आमा नुहाउन जानुभयो ।



आज घुम्न जानु छ ।
सानीलाई राम्री हुनु छ ।



बिक्रीका लागि होइन ।

सानी कोठामा पसी ।
ऐनाअगाडि बसी ।



ओठमा घसी लाली ।
कपालमा तेल हाली ।



बिक्रीका लागि होइन ।

काइँयोले कपाल कोरेर ।
राम्रो बनाई बाँधेर ।





बिक्रीका लागि होइन ।

किरिम दली गालामा ।
लगाई टिका निधारमा ।



बिक्रीका लागि होइन ।



गाजल लगाउँदा आँखामा ।

कालो लाग्यो हातमा ।

बिक्रीका लागि होइन ।

जेजे भेटी टेबुलमा ।
सबै दली मुखमा ।



घाँटीमा लगाई माला ।
हातमा सुनका बाला ।



चोली लगाई आमाको ।
चस्मा लगाई बाबाको ।



आमा, आमा ! हेर्नुस् त !
म कत्ति राम्री ! भन्नुस् त !



हेरी हेरी सानीलाई ।
हाँसो लाग्यो आमालाई ।



राम्री बनेकी नानी त !
यस्ती पो भई सानी त !

